संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ५५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल साउन ३१ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम हात उठाएर समय माग गर्नुहुँदै मा० श्री विशाल भट्टराई, मा० श्री लक्ष्मी परियार र मा० श्री कमला रोकाले सम्माननीय राष्ट्रपतिबाट संविधान बमोजिम पुनर्विचारको लागि फिर्ता भएको नागरिकता विधेयकलाई लिएर राष्ट्रपति जस्तो संस्थालाई विवादमा ल्याउन नहुने, नागरिकता जस्तो विषयमा सिंगो सदनमा राष्ट्रिय सहमति जुटाउने अवसर पुनः प्राप्त भएको, दैलेख जिल्लामा दलित समुदायका व्यक्तिहरुले प्रक्रिया पुऱ्याएर नागरिकतामा भएको अपमानित नाम सच्याउनको लागि निवेदन दिंदा प्रमुख जिल्ला अधिकारीले अपमानजनक व्यवहार गरेको, सार्वजनिक पदमा बसेर जातीय विभेदलाई प्रश्रय दिने र दिन लगाउने शासकलाई कानुनी दायरामा ल्याई कारवाही गर्न सभामुखबाट रुलिङ्ग हुनुपर्ने, रुकुम पूर्वमा पर्ने शहिद मार्ग सडकको दुरावस्थाको कारण पुठाउत्तरगंगा गाउँपालिकामा प्रहरीको गाडी दुर्घटना हुँदा रोल्पा जिल्लाका प्रहरी जवानको मृत्यु समेत भएको हुनाले सरकारले उक्त सडकको स्तरोन्नति गर्नुपर्ने, विद्युत सेवा तथा सञ्चार सुविधाहरु अविलम्ब उपलब्ध गराउनु पर्ने लगायतका विषयहरुमा ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री लक्ष्मी कुमारी चौधरी
२. मा० श्री लक्ष्मी परियार
३. मा० श्री लाल बहादुर साँवा लिम्बु
४. मा० श्री लाल बहादुर थापा
५. मा० श्री लालबाबु पण्डित
६. मा० श्री वसन्त कुमार नेम्वाङ्ग
७. मा० श्री विना कुमारी श्रेष्ठ
८. मा० श्री विमला विश्वकर्मा
९. मा० श्री विष्णु शर्मा
१०. मा० श्री शक्ति बहादुर बस्नेत
११. मा० श्री शान्ता चौधरी
१२. मा० डा० शिवमाया तुम्वाहाङफे
१३. मा० श्री सत्यनारायण शर्मा खनाल
१४. मा० श्री सत्य पहाडी
१५. मा० श्री सरिता कुमारी गिरी
१६. मा० श्री सरवत आरा खानम
१७. मा० श्री सिताराम महतो
१८. मा० डा० सूर्यप्रसाद पाठक
१९. मा० श्री हरिराज अधिकारी
२०. मा० श्री हितबहादुर तामाङ्ग
२१. मा० श्री हिरा गुरुङ्ग

तत्पश्चात प्रतिनिधि सभाको सचिव श्री गोपालनाथ योगीले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारको लागि नागरिकता विधेयक सन्देश सहित फिर्ता भएको सम्बन्धी राष्ट्रपतिको कार्यालयको पत्रको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो :-

माननीय खानेपानी मन्त्री उमाकान्त चौधरी संयुक्त राज्य अमेरिकाको एटलान्टामा हुने **Waste-Water Based Epidemiology Surveillance for SARS COV-2** कार्यक्रममा सहभागी हुने प्रतिनिधिमण्डलको नेतृत्व गरी मिति २०७९ साउन २८ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको खानेपानी मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मिति : २०७९/४/२९

(शंकरदास बैरागी)

मुख्यसचिव

तदुपरान्त सम्माननीय सभामुखले मिति २०७९ साउन २९ गतेको बैठकमा गणपूरक संख्याको अभावमा निर्णयार्थ प्रस्तुत हुन बाँकी "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ११ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ११ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि २९ सम्म "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७९ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

त्यसपछि मा० कृषि तथा पशुपंक्षी विकास मन्त्री श्री मृगेन्द्र कुमार सिंह यादवले "कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहितको पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहितको "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री मिनबहादुर विश्वकर्म
३. मा० श्री दुर्ग बहादुर रावत
४. मा० श्री आशा कुमारी वि.क.
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री कमला रोका
७. मा० श्री खगराज अधिकारी
८. मा० श्री गजेन्द्र बहादुर महत
९. मा० श्री मन कुमारी जि.सी.
१०. मा० श्री राजेन्द्र कुमार के.सी.
११. मा० श्री रंगमती शाही
१२. मा० श्री पद्म नारायण चौधरी (थारु)
१३. मा० श्री छक्क बहादुर लामा

तत्पश्चात मा० कृषि तथा पशुपंक्षी विकास मन्त्री श्री मृगेन्द्र कुमार सिंह यादवले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३७ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ८९ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै उल्लिखित प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३७ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ४२ सम्म र सम्बन्धित अनुसूची "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७९” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० कृषि तथा पशुपंक्षी विकास मन्त्री श्री मृगेन्द्र कुमार सिंह यादवले “पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७९ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले राष्ट्रिय सभाको सन्देश सहितको “स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७८ माथिको दफावार छलफल सदनमा गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त विधेयकमाथि एकल र संयुक्त रुपमा २ वटा संशोधन प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त संयुक्त संशोधनका मूल संशोधनकर्ता मा० श्री घनश्याम खतिवडा र संशोधनकर्ता मा० श्री प्रेम सुवालले आ-आफ्नो संशोधन प्रस्ताव प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

तत्पश्चात उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री नवराज सिलवाल
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री मनकुमारी जि.सी.
४. मा० श्री पद्‌म नारायण चौधरी (थारु)

त्यसपछि मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त मा० श्री घनश्याम खतिवडा र मा० श्री प्रेम सुवालले आ-आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि २१ सम्म राष्ट्रिय सभाको सन्देश सहितको “स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७८” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७८” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले राष्ट्रिय सभाको सन्देश सहितको “स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७८ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले राष्ट्रिय सभाको सन्देश सहितको “प्रत्यायन विधेयक, २०७८ माथिको दफावार छलफल सदनमा गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त विधेयकमाथि २ वटा संशोधन प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त संशोधनकर्ता मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्ताव प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

तत्पश्चात उक्त छलफलमा मा० श्री दिव्यमणि राजभण्डारी र मा० श्री नवराज सिलवाले भाग लिनुभयो ।

त्यसपछि मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० श्री विन्दा पाण्डेलाई आफ्नो संशोधन प्रस्तावहरु प्रस्ततु नगर्नु भएकोले निर्णयार्थ प्रस्तुत गरिरहनु नपर्ने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ३७ सम्म र सम्बन्धित अनुसूची राष्ट्रिय सभाको सन्देश सहितको "प्रत्यायन विधेयक, २०७८" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "प्रत्यायन विधेयक, २०७८" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले राष्ट्रिय सभाको सन्देश सहितको "प्रत्यायन विधेयक, २०७८ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल भदौ २ गते बिहीबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक दिनको २:५० बजे स्थगित भयो ।

गोपालनाथ योगी
प्रतिनिधि सभाको सचिव